अध्यादेश संख्याः

# आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश

२०८०

संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं।

## उद्देश्य र कारण

नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट पेश गर्ने र सो प्रक्रियामा हुने छलफललाई समयावधि पर्याप्त गर्ने उद्देश्यले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा रहेका त्यस्ता समयावधि संशोधन आवश्यक भएको र सङ्घीय संसदको अधिवेशन नभएकोले नेपालको संविधानको धारा ११४ को संवैधानिक व्यवस्था बमोजिम अध्यादेश जारी गर्नु परेको हो।

(डा. प्रकाश शरण महत)
अर्थ मन्त्री

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| क्र.सं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्योजित व्यवस्थापन अन्र्तगत बनाइने कानूनको प्रकृति सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ६५ मा उपदफा (४) थप | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित प्रभावकारी बनाउन आवश्यक भएकाले। | विनियोजित रकम खर्च गर्ने सम्बन्धमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली, अन्य प्रचलित कानून वा उपदफा (३) बमोजिम स्वीकृत मार्गदर्शन, कार्यविधि, निर्देशिका वा दिग्दर्शनमा व्यवस्था नभएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालयको सहमति लिई आवश्यक कार्यविधि बनाउन सक्ने। | सम्बन्धित मन्त्रालयबाट आवश्यक स्वीकृत मार्गदर्शन, कार्यविधि, निर्देशिका वा दिग्दर्शन बनाई बजेट कार्यान्वयनमा छिटो छरितो हुने। |

## व्याख्यात्मक टिप्पणी

यस अध्यादेश मार्फत भएको संशोधनबाट नयाँ दफा तथा उपदफा थप नभएकोले व्याख्यात्मक टिप्पणी आवश्यक नरहेको।

## आर्थिक टिप्पणी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ पहिलेदेखि नै कार्यान्वयनमा रहेकोले यस ऐनमा रहेको नीति तथा कार्यक्रम र वार्षिक बजेटको सीमा सम्बन्धी व्यवस्थालाई समयानुकूल परिमार्जन गर्ने कार्यसम्म भएको हुँदा त्यस्तो व्यवस्थाबाट नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने देखिंदैन।

**संवत् २०८० सालको अध्यादेश नं. २**

# आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावनाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८०" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा संशोधनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को,-

(१) उपदफा (१) मा रहेका "माघ पन्ध्र गतेभित्र" भन्ने शब्दहरुको सट्टा "माघ मसान्तभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (७) मा रहेको "प्रतिवेदन" भन्ने शब्द पछि "प्रत्येक वर्षको फागुन सात गतेभित्र" भन्ने शब्दहरु थपिएका छन्।

३. **<u>मूल ऐनको दफा ८ मा संशोधनः</u>** मूल ऐनको दफा ८ को उपदफा (१) मा रहेका “माघ मसान्तभित्र” भन्ने शब्दहरुको सट्टा “फागुन सात गतेभित्र” भन्ने शब्दहरु राखिएका छन्।

४. **<u>मूल ऐनको दफा ११ मा संशोधनः</u>** मूल ऐनको दफा ११ को,-

(१) उपदफा (१) मा रहेका “पन्ध्र दिन अगावै” भन्ने शब्दहरुको सट्टा "तीन महिना अगावै" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "सात दिनभित्र" भन्ने शब्दहरुको सट्टा "चैत महिनाको पन्ध्र गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (४) मा रहेका “प्राथमिकताको सम्बन्धमा” भन्ने शब्दहरु पछि “फागुन महिनाको सात गतेभित्र” भन्ने शब्दहरु थपिएका छन्।

५. **<u>मूल ऐनको दफा ६५ मा संशोधनः</u>** मूल ऐनको दफा ६५ को,-

**(१)** उपदफा (२) र (३) मा रहेका “महालेखा नियन्त्रक कार्यालयले” भन्ने शब्दहरुको सट्टा “अर्थ मन्त्रालय वा महालेखा नियन्त्रक कार्यालयले” भन्ने शब्दहरु राखिएका छन्।

**(२)** उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

“(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजित रकम खर्च गर्ने सम्बन्धमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली, अन्य प्रचलित कानून वा उपदफा (३) बमोजिम स्वीकृत मार्गदर्शन, कार्यविधि, निर्देशिका वा दिग्दर्शनमा व्यवस्था नभएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालयको सहमति लिई आवश्यक कार्यविधि बनाउन

सक्नेछ। त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र सम्बन्धित मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ।”

## आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ संशोधन सम्बन्धी तीन महले विवरण

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १. | ७ को उपदफा (१) | योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलव्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आर्थिक वर्षको **माघ पन्ध्र गतेभित्र** गरिसक्नु पर्नेछ। | "माघ पन्ध्र गतेभित्र" भन्ने शब्दहरुको सट्टा "माघ मसान्तभित्र" भन्ने शब्दहरु राखिएका छन्। | नेपाल सरकारको नीति तथा कायक्रम वार्षिक बजेट पेश गर्ने समयावधि पर्याप्त गर्न नीति तथा कानूनमा गर्नु पर्ने परिमार्जन सम्बन्धमा गठित समितिको प्रतिवेदन तथा कार्ययोजना समेतका आधारमा संशोधन गर्नु पर्ने भएकाले। |
| २. | ७ को उपदफा (७) | स्रोत अनुमान समितिले उपदफा (३) र (५) बमोजिम तयार गरेको स्रोतको अनुमान तथा खर्चको | "प्रतिवेदन" भन्ने शब्द पछि "प्रत्येक वर्षको फागुन सात गतेभित्र" भन्ने | नेपाल सरकारको नीति तथा कायक्रम वार्षिक |

| क्र. सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | सीमा निर्धारण सम्बन्धी प्रतिवेदन अर्थ मन्त्रीसमक्ष पेश गर्नु पर्नेछ। | शब्दहरु थपिएका छन्। | बजेट पेश गर्ने समयावधि पर्याप्त गर्न नीति तथा कानूनमा गर्नु पर्ने परिमार्जन सम्बन्धमा गठित समितिको प्रतिवेदन तथा कार्ययोजना समेतका आधारमा संशोधन गर्नु पर्ने भएकाले। |
| ३. | ८ को उपदफा (१) | योजना आयोगले दफा ७ बमोजिमको स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा मध्यकालीन खर्च संरचनाको | "माघ मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "फागुन सात गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्। | नेपाल सरकारको नीति तथा कायक्रम वार्षिक बजेट पेश गर्ने समयावधि पर्याप्त गर्न नीति तथा कानूनमा गर्नु |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | खाका समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको **माघ मसान्तभित्र** सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाउनु पर्नेछ। | | पर्ने परिमार्जन सम्बन्धमा गठित समितिको प्रतिवेदन तथा कार्ययोजना समेतका आधारमा संशोधन गर्नु पर्ने भएकाले। |
| ४. | दफा ११ को उपदफा (१) | प्रत्येक आर्थिक वर्षको लागि यस ऐन बमोजिम विनियोजन विधेयक पेश गर्नुभन्दा कम्तीमा पन्ध्र दिन अगावै अर्थ मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण संघीय संसदमा प्रस्तुत गर्नु पर्नेछ। | "पन्ध्र दिन अगावै" भन्ने शब्दहरुको सट्टा "तीन महिना अगावै" भन्ने शब्दहरु राखिएका छन्। | नेपाल सरकारको नीति तथा कायक्रम वार्षिक बजेट पेश गर्ने समयावधि पर्याप्त गर्न नीति तथा कानूनमा गर्नु पर्ने परिमार्जन सम्बन्धमा गठित समितिको प्रतिवेदन |

| क्र. सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | | | तथा कार्ययोजना समेतका आधारमा संशोधन गर्नु पर्ने भएकाले। |
| ५. | दफा ११ को उपदफा (२) | उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण संघीय संसदमा पेश भए पछि संघीय संसदले सो उपर सैद्धान्तिक छलफल गरी त्यमा कुनै विषय समावेश गर्नु पर्ने वा हटाउनु पर्ने वा सो सम्बन्धी कुनै सुझाव वा निर्देशन दिन आवश्यक देखेमा **सात दिनभित्र** त्यस्तो सुझाव वा निर्देशन अर्थ मन्त्रालयमा पठाउन सक्नेछ। | सात दिनभित्र" भन्ने शब्दहरुको सट्टा "चैत महिनाको पन्ध्र गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्। | नेपाल सरकारको नीति तथा कायक्रम वार्षिक बजेट पेश गर्ने समयावधि पर्याप्त गर्न नीति तथा कानूनमा गर्नु पर्ने परिमार्जन सम्बन्धमा गठित समितिको प्रतिवेदन तथा कार्ययोजना समेतका आधारमा संशोधन गर्नु पर्ने |

| क्र. सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | | | भएकाले। |
| ६. | दफा ११ को उपदफा (४) | अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षका लागि आय व्ययको अनुमान तयार गर्नु अघि संघीय संसदमा पेश गर्न बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको सम्बन्धमा सम्बन्धित विज्ञ वा सरोकारवालासँग आवश्यक परामर्श गर्नु पर्नेछ। | "प्राथमिकताको सम्बन्धमा" भन्ने शब्दहरु पछि "फागुन महिनाको सात गतेभित्र" भन्ने शब्दहरु थपिएका छन्। | नेपाल सरकारको नीति तथा कायक्रम वार्षिक बजेट पेश गर्ने समयावधि पर्याप्त गर्न नीति तथा कानूनमा गर्नु पर्ने परिमार्जन सम्बन्धमा गठित समितिको प्रतिवेदन तथा कार्ययोजना समेतका आधारमा संशोधन गर्नु पर्ने भएकाले। |

| क्र. सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| ७. | ६५ को उपदफा (२) उपदफा (३) | (२) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही महालेखा नियन्त्रक कार्यालयले प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन बनाउन सक्नेछ। (३) उपदफा (२) बमोजिम महालेखा नियन्त्रक कार्यालयले बनाएको प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ। | "महालेखा नियन्त्रक कार्यालयले" भन्ने शब्दहरुको सट्टा "अर्थ मन्त्रालय वा महालेखा नियन्त्रक कार्यालयले" भन्ने शब्दहरु राखिएका छन्। | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित बनाउन आवश्यक भएकाले। |
| ८. | दफा ६५ मा उपदफा (४) थप | नभएको | "(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजित रकम खर्च गर्ने सम्बन्धमा यो ऐन, यस ऐन अन्तर्गत बनेको | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित बनाउन आवश्यक भएकाले। |

| क्र. सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | | नियमावली, अन्य प्रचलित कानून वा उपदफा (३) बमोजिम स्वीकृत मार्गदर्शन, कार्यविधि, निर्देशिका वा दिग्दर्शनमा व्यवस्था नभएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालयको सहमति लिई आवश्यक कार्यविधि बनाउन सक्नेछ। त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र सम्बन्धित मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ।” | |